**BSW कार्यक्रम अन्तर्गत प्रथम र दोस्रो (२०२२) सिमेष्टरको आंशिक परीक्षाको अनलाइन (Online) परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सिमेष्टर प्रणालीमा सञ्चालित Bachelor in Social Work (BSW) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष (२०२२) का आंशिक परीक्षार्थीहरुको प्रथम र दोस्रो सिमेष्टरको आंशिक परीक्षा मिति २०८१ साल पुस २२ देखि संचालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरुलाई मिति २०८१ साल कार्तिक १५ देखिभित्र अनलाईन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ।

विद्यार्थीहरुले आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाईन आवेदन फाराम भर्न सक्ने छन्। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरुको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन। यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ।

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०८१ साल पौष ७ गतेदेखि पौष १५ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दाब्बर दस्तुरमा २०८१ पौष १७ गते राति १२:०० बजेसम्म हुनेछ।
- **परीक्षा दस्तुर** : आंशिक परीक्षार्थीहरुले रु.२०००।- (अक्षरेपी दुई हजार मात्र)। विद्यार्थीहरुले अनलाइन फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भईसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराईन्छ।
- परीक्षार्थीहरुले अनलाइन परीक्षा फाराम भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ। यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ।
- परीक्षार्थीहरुले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरुपमा अनलाइन फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षाथीहरुको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ।
- सम्बन्धित क्याम्पस/कलेजहरुले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइन मार्फत भर्नुपर्ने छ। फाराममा प्राप्ताङ्क फरक परेमा सम्बन्धित कलेज र परीक्षार्थीकहरु नै जिम्मेवार हुनेछन्।

यसरी रितपूर्वक परीक्षा फाराम भर्ने परीक्षार्थीहरुको आंशिक परीक्षा पौष २२ गतेबाटै संचालन हुन भएको हुँदा सोही अनुसार तयारी रहन पनि सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ। साथै सो सम्बन्धी परीक्षा कार्य तालिका मिति २०८१ पौष १८ नै प्रकाशित गरिने व्यहोरा पनि सूचित गरिनेछ।

डा. चिरञ्जीवी आचार्य
सहायक डीन
मिति:- २०८१।८।२

CamScanner